# प्यूठान नगरपालिका

## प्यूठान नगर राजपत्र

खण्ड ४ भाग २ संख्या १ प्यूठान नगरपालिकाद्वारा प्रकाशित मिति : २०७८।०४।०७


प्यूठान नगर कार्यपालिकाले बनाएको तल लेखि बमोजिमको ऐन, सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## प्यूठान नगरपालिकाको स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन तथा सेवाको शर्त तथा सुविधा सम्बन्धी ऐन, २०७८

**प्रारम्भिक**

साविकको स्थानीय निकाय (जिल्ला विकास समिति, गाउँ विकास समिति र नगरपालिका) मा विभिन्न प्रक्रियाबाट स्थायी नियूक्ती भई कामकाज गरिरहेका र कर्मचारी समायोजन ऐन २०७५ बमोजिम यस प्यूठान नगरपालिकामा नियमानुसार समायोजन भई कार्यरत रहेका कर्मचारीहरूको लामो समय देखि बढुवा तथा स्तरबृद्धि नहुँदा स्थानीय सेवाका समग्र कर्मचारीहरूको बृत्ति विकास अवरूद्ध भएकोले त्यस्ता कर्मचारीहरूको बढुवा तथा स्तरबृद्धि सम्बन्धमा कानुनी व्यवस्था गर्न बाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ को उपदफा (२) र दफा १०२ को उपदफा (१) बमोजिम प्यूठान नगरपालिकको नगर सभाले यो ऐन बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो ऐनको नाम "प्यूठान नगरपालिकाको स्थानीय सेवाको गठन, सञ्चालन व्यवस्थापन तथा सेवाको शर्त तथा सुविधा सम्बन्धी ऐन २०७८" रहेको छ ।

यो ऐनको प्रारम्भ नगरसभाबाट पारित भएको मितिबाट लागु हुने हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) **"ऐन"** भन्नाले "प्यूठान नगरपालिकाको स्थानीय सेवाको गठन, सञ्चालन व्यवस्थापन तथा सेवाको शर्त तथा सुविधा सम्बन्धी ऐन २०७८" लाई सम्झनु पर्दछ ।

प्यूठान नगरपालिका

(ख) **“नगरपालिका”** भन्नाले प्यूठान नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) **“कार्यालय”** भन्नाले प्यूठान नगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ । सो शव्दले वडा समितिको कार्यालय समेतलाई जनाउंदछ ।

(घ) **“नगर सभा”** भन्नाले प्यूठान नगरपालिकाको नगर सभालाई संझनु पर्दछ ।

(ङ) **“कार्यपालिका”** भन्नाले प्यूठान नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(च) **“प्रमुख”** भन्नाले प्यूठान नगरपालिको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) **“उप-प्रमुख”** भन्नाले प्यूठान नगरपालिको नगर उपप्रमुखलाई सम्झनु पर्दछ ।

(ज) **“प्रमुख प्रशासकीय अधिकृत”** भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ वमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई संझनु पर्दछ ।

(झ) **“स्थायी पद”** भन्नाले नगरपालिकाको नगरसभाद्वारा स्वीकृत स्थायी दरवन्दीका पदलाई सम्झनु पर्दछ ।

(ञ) **“स्थानीय सेवाका कर्मचारी”** भन्नाले साबिक स्थानिय निकाय (गा.बि.स.,न.पा. र जि.बि.स.) मा स्थायी नियुक्ति पाई कर्मचारी समायोजन ऐन २०७५ बमोजिम स्थानिय तहमा समायोजन भएका कर्मचारी सम्झनु पर्दछ ।

(ट) **“तोकिएको”** वा **“तोकिए वमोजिम”** भन्नाले नगरपालिकाको कार्यपालिकाले यस ऐन वमोजिम वनाएको ऐन, नियमावलि, कार्यविधि, निर्देशिका एवं समय-समयमा कार्यपालिकाले निर्णय गरी तोकिएको वा तोकिए बमोजिम संझनु पर्छ ।

(ठ) **“बढुवा तथा स्तरबृद्धि”** भन्नाले साबिक स्थानिय निकाय (गा.बि.स.,न.पा. र जि.बि.स.) मा स्थायी नियुक्ति पाई कर्मचारी समायोजन ऐन २०७५ बमोजिम स्थानिय तहमा समायोजन भएका कर्मचारीहरूको बढुवा तथा स्तरबृद्धि सम्झनु पर्दछ ।

३. स्थानीय सेवाका कर्मचारी बढुवा गर्ने :

(१) साविक स्थानीय निकाय जिल्ला विकास समिति, गाउँ विकास समिति र नगरपालिकामा स्थायी रूपमा सेवा प्रवेश गरेका, हाल प्यूठान नगरपालिकामा समायोजन, पदस्थापना भएका र यो ऐन जारी हुंदाको बखत नगरपालिकामा कार्यरत स्थानीय सेवाका कर्मचारीहरूको बढुवा तथा स्तरबृद्धि गरिनेछ ।

(२) उपदफा (१) बमोजिम कम्तिमा ५ बर्ष स्थायी रूपमा कार्यरत नगरपालिकामा समायोजन भएका स्थानीय सेवाका कर्मचारीहरूको बढुवा देहाय बमोजिम हुनेछ ।

(३) उपदफा २ बमोजिम अविछिन्न सेवामा रहेका स्थायी कर्मचारीहरूको बढुवा/स्तरबृद्धि गर्दा निजहरूले सहायक स्तरको हकमा अघिल्लो ३ आ.व. र अधिकृत स्तरको हकमा अघिल्लो ५ आ.व.हरूमा कार्यसम्पादन मूल्यांकन बापत कम्तिमा ९० अंक प्राप्त गरेको हुनु पर्दछ ।

| क्र.सं. | साविकको तह | बढुवा/स्तरबृद्धि पश्चात कायम हुने तह | कैफियत |
|---|---|---|---|
| १. | सहायक स्तर चौथो | सहायक स्तर पाँचौं | |
| २. | स.कम्प्यूटर अपरेटर चौथो | क.अपरेटर स. स्तर पाँचौं | |
| ३. | सहायक स्तर पाँचौं | अधिकृत स्तर छैठौं | |
| ४. | कम्प्यूटर अपरेटर स.पाँचौं | क. अधिकृत अधिकृत छैठौं | |
| ५. | अधिकृत स्तर छैठौं | अधिकृत स्तर सातौं | |
| ६. | अधिकृत स्तर सातौं | अधिकृत आठौं | |

(४) उपदफा (२) बमोजिमको पद नाममा सम्बन्धित सेवा, समूह वा उपसमूह जनाई पद नाम कायम हुनेछ ।

(५ यस दफा बमोजिम नगरपालिकामा स्थानीय सेवाका कर्मचारी बढुवा गर्दा कायम हुने तलब निजले साविकमा खाईपाई आएको तलब भन्दा कम हुने भएमा ग्रेड थप गरी तलब मिलान गरिनेछ ।

(६) उपदफा (१) बमोजिम बढुवा स्वीकार गर्ने कर्मचारीहरूले बढुवा कायम हुने पद, तहका निम्ति तोकिएको तलबमान र सुविधाहरू प्राप्त गर्नेछन् ।

(७) बढुवा भएका कर्मचारीहरूलाई बढुवाको पत्र प्रदान गर्दा बढुवा पुर्वको जेष्ठताको आधारमा दिईनेछ ।

४. बढुवा तथा स्तरबृद्धि पत्र दिने :

(१) यस ऐन बमोजिम बढुवा तथा स्तरबृद्धि भए पश्चात नगरपालिका स्थानीय सेवाका कर्मचारीहरूलाई प्रमुख प्रशासकीय अधिकृतले बढुवा भएको पत्र दिनेछ ।

(२) उपदफा (१) बमोजिम दिईने बढुवाको पत्र अनुसूचि १ बमोजिम हुनेछ ।

५. पदस्थापना गरिने :

दफा ३ बमोजिम बढुवा भएका नगरपालिका स्थानीय सेवाका कर्मचारीहरूलाई बढुवा पश्चात पदस्थापना गर्नु अघि स्वतः पुल दरबन्दीमा कायम भएको मानिने छ । यसरी बढुवा भई पुल दरबन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापना गर्नु पुर्व गर्दै आएको काम/काज गर्न बाधा पुगेको मानिने छैन । तर, कर्मचारी बढुवा हुँदाका बखत निज बढुवा भएको पद स्वीकृत संगठन चार्ट अनुसार रिक्त रहेमा बढुवा भएको कर्मचारीलाई सोही पदमा स्वतः पदस्थापना गरिनेछ ।

६. नगरपालिकाले संगठन तथा व्यवस्थापन सर्बेक्षण गराई पुल दरबन्दिमा रहेका कर्मचारीहरूलाई उपयुक्त समूह तथा उपसमूहमा पदस्थापना गरिनेछ ।

७. बढुवा भएका कर्मचारीको सेवा सुविधा : यस ऐन बमोजिम बढुवा भएका स्थानीय सेवाका कर्मचारीहरूको तलब तथा अन्य सुविधा प्रचलित कानुनले तोके बमोजिम हुनेछ ।

८. जेष्ठता गणना :

(१) यस ऐन बमोजिम बढुवा हुने कर्मचारीहरूको जेष्ठता बढुवा भएको मिति देखि गणना हुनेछ ।

९. आवश्यक व्यवस्था मिलाउने : यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकुल नहुने गरी निकासको लागि आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

१०. कर्मचारी सरूवा : नेपाल सरकार तथा प्रदेश सरकारको प्रचलित निर्देशन, ऐन, नियम तथा कार्यविधि अनुसार हुने छ ।

छुम्नाग नगरपालिका

अनुसूचि १

दफा ४ को उपदफा (२) सँग सम्बन्धित

बढुवा/स्तरबृद्धि पत्र

पत्र संख्या : ............

चलानी नं. : ..........                                        मिति : ...............

श्री ....................................

**बिषय : बढुवा/स्तरबृद्धि गरिएको सम्बन्धमा ।**

प्यूठान नगरपालिकाको प्यूठान नगरपालिकाको स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन तथा सेवाको शर्त तथा सुविधा सम्बन्धी ऐन, २०७८ बमोजिम आजैका मिति देखि जेष्ठता कायम हुने गरी तपाईलाई देहाय बमोजिमको पद/तहमा बढुवा/स्तरबृद्धि गरिएको छ । आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही ईमान्दारी पुर्वक सम्पादन गर्नुहुनेछ भन्ने अपेक्षा गरिएको छ ।

स्थानीय सेवाको ..... पद/तहमा बढुवा/स्तरबृद्धि हुनु भएकोमा बधाई छ ।

**तपसिल**

| हाल कार्यरत पद तथा तहको विबरण : | बढुवा स्तरबृद्धि गरिएको पद तथा तहको विबरण : |
|---|---|
| पद :<br>तह :<br>सेवा :<br>समूह | पद :<br>तह :<br>सेवा :<br>समूह |

.........................

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश, मुकाम बुटवल ।

श्री प्रदेश लोक सेवा आयोगको कार्यालय, लुम्बिनी प्रदेश, बुटवल ।

श्री कर्मचारी संचयकोष, त्रिदेवि मार्ग, ठमेल, काठमाण्डौं ।

श्री नागरिक लगानीकोष, नयाँबानेश्वर, काठमाण्डौं ।

श्री आर्थिक प्रशासन शाखा, प्यूठान नगरपालिकाको कार्यालय, बिजुवार प्यूठान ।

आज्ञाले,<br>
थानेश्वर भण्डारी<br>
प्रमुख प्रशासकीय अधिकृत<br>
२०७८।०३।३१

प्यूठान नगरपालिका